# विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

| | |
|---|---|
| | स्वीकृत मिति |
| विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ | २०७५।०७।२९ |
| <u>संशोधन</u> | |
| १. विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ | २०७५।९।९ |
| २. विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ | २०७६।५।२२ |

<u>प्रस्तावना</u>: प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि विशेष अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (३) बमोजिम नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो कार्यविधिको नाम "विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क)[@] "योजना आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(क१)[*] "ऐन" भन्नाले अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची–४ बमोजिमका प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विशेष अनुदान" भन्नाले ऐनको दफा ११ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षति साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना/कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

---

[@] दोस्रो संशोधनद्वारा थप ।

[*] दोस्रो संशोधनद्वारा संशोधन ।

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार काठमाडौं

३. <u>विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार</u>: (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने देहायका कुनै आयोजना/कार्यक्रमका लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः—

(क) न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकासको लागि सो क्षेत्रमा सञ्चालन् गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम,

(ख) बाल मृत्युदर तथा मातृ मृत्युदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम,

(ग) दुर्गम तथा आर्थिक रूपले पिछडिएको क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम,

(घ) अल्पसंख्यक, सिमान्तकृत वर्ग एवं दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकासको लागि लक्षित गरी सञ्चालन गरिने कुनै आयोजना/कार्यक्रम,

(ङ) प्रदेश वा स्थानीय तहबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना/कार्यक्रम,

(च) खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चितता गर्ने आयोजना/कार्यक्रम,

(छ) आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम,

(२) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने उपदफा (१) बमोजिमका आयोजना/कार्यक्रमको लागि देहायका कुराहरू विचार गरी सोको आधारमा विशेष अनुदान प्रदान गर्न सक्नेछः—

(क) नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवं समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमसँग दोहोरो परे/नपरेको,

(ख) आयोजना/कार्यक्रमको संभाव्यता, लागत अनुमान, *<u>आयोजना/कार्यक्रम कार्यान्वयन</u> पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभको अवस्था,

(ग) आयोजना/कार्यक्रम सञ्चालन गर्ने प्रदेश वा स्थानीय तहको सामाजिक-आर्थिक अवस्था, स्रोत परिचालन गर्न सक्ने भौतिक तथा वित्तीय क्षमता,

(घ) आयोजना/कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता तथा प्राथमिकता,

(ङ) कुनै विपद् वा मानवीय कारणबाट राज्यले कुनै क्षेत्रमा पुनर्स्थापना, पुनर्निर्माण वा नवनिर्माण गर्नुपर्ने भएमा सो कुरा,

(च) *<u>योजना आयोगले</u> आवश्यक ठानेका अन्य उपयुक्त आधार ।

---

* दोस्रो संशोधनद्वारा संशोधन ।

.* दोस्रो संशोधनद्वारा संशोधन ।

४. विशेष अनुदान माग गर्ने: (१) प्रदेश वा स्थानीय तहले विशेष अनुदानमा आयोजना/कार्यक्रम सञ्चालन गर्न अनुदान माग गर्दा अनुसूची–१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी योजना आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना/कार्यक्रमको प्रस्ताव तयार गर्दा हाल सञ्चालनमा रहेका आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र योजना आयोग समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

*तर योजना आयोगले आर्थिक वर्ष २०७६/७७ को हकमा दफा ३ को उपदफा (१) बमोजिमका आयोजना/कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव पेश गर्न आश्विन मसान्तभित्र सूचना जारी गर्नेछ ।

@(२क) उपदफा (२) बमोजिम सूचना जारी भएपछि प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम सम्बन्धी प्रस्ताव सो सूचनामा तोकिएको अवधिभित्र योजना आयोगमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्ट रूपमा खुलाउनु पर्नेछ:-

(क) आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,

(ख) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ग) आयोजना/कार्यक्रमको कुल लागत,

(घ) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना,

(ङ) आयोजना/कार्यक्रम सञ्चालन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(छ) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ज) #---

(झ) आयोजना/कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ञ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना/कार्यक्रम भएमा प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ट) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण ।

५. *आयोजना/कार्यक्रम छनौट समिति: (१) विशेष अनुदानमा प्रदेश वा स्थानीय तहबाट आयोजना/कार्यक्रम कार्यान्वयन गर्न दफा ४ बमोजिम प्राप्त हुन आएका प्रस्तावमध्ये

---

* दोस्रो संशोधनद्वारा संशोधन ।

@ दोस्रो संशोधनद्वारा थप ।

# दोस्रो संशोधनद्वारा झिकिएको ।

* दोस्रो संशोधनद्वारा संशोधन ।